कर्जा असुली न्यायाधिकरण
Loan Recovery Tribunal

नविन मैनाली
शाखा अधिकृत/सूचना अधिकारी
9851322888

1

परिचय

- सहकारी संस्थाहरुको कर्जा असुली सम्बन्धी मुद्दाहरूको छिटो, छरितो एवम् प्रभावकारी ढङ्गबाट सुरु कारबाही र किनारा गर्न
- सहकारी संस्थाहरुले आफ्ना ऋणीहरुबाट उठाउन नसकेको कर्जा असुलउपर गर्न

2

परिचय

- सहकारी ऐन, २०७४ को दफा ८२ तथा सहकारी नियमावली,२०७५ को परिच्छेद १० को नियम ४२ देखि ५८ सम्म।
- स्थापना : नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ असार १३ को निर्णयानुसार
- मिति २०८२ असार २३ को राजपत्रमा सूचना प्रकाशन

3

परिचय

- तीन सदस्यीय कर्जा असुली न्यायाधिकरण गठन
- एक जना अध्यक्ष र दुई जना सदस्य
- न्यायाधिकरणले मिति २०८२ असार २५ गतेदेखि कार्य प्रारम्भ गरेको
- कार्यालय : काठमाडौंको नयाँ बानेश्वरस्थित सहकारी प्रशिक्षण केन्द्रको कार्यालय भएको परिसरमा

4

कार्यक्षेत्र

- कर्जा असुली न्यायाधिकरणलाई सहकारी नियमावली, २०७५ बमोजिमका कर्जा असुली सम्बन्धी मुद्दाहरुको सुरु कारबाही र किनारा गर्ने अधिकार क्षेत्र तोकिएको छ।

5

आवश्यकता

- अदालतहरुमा रहेका मुद्दाको चाप घटाउन,
- सहकारी क्षेत्रमा वित्तीय सुशासन प्रवर्द्धन गर्न,
- सहकारीका कर्जा असुलीमा भएका समस्या समाधानमा सहयोग गर्न,
- अदालतको तुलनामा सहकारीका कर्जा असुली सम्बन्धी मुद्दाको छिटोछरितो रुपमा निरुपण गर्ने,

6

परिकल्पना Vision

•सहकारी संस्थाका सदस्यहरुमा गुम्दै गएको सहकारीप्रतिको आशा र विश्वास कर्जा असुलीको माध्यमबाट पुनःजाग्रत गराउने।

7

उद्देश्यहरु (Objectives)

- सहकारी संस्थाको कर्जा असुलीसम्बन्धी मुद्दाको शुरू कारबाही र किनारा छिटोछरितो रुपमा गर्ने,
- सहकारी सिद्वान्त र मर्मअनुसार सहकारी संस्थालाई दिर्गो र पारदर्शी रूपमा सञ्चालन गर्न प्रेरित गर्ने,
- सहकारी संस्थाहरुले ऋणीहरुबाट उठाउन नसकेको कर्जा असुलउपर गरी बचतकर्ताको बचत रकम फिर्ता गर्ने सघाउ पुऱ्याउने।

8

कर्जा असुली र ऋण असुली न्यायाधिकरणमा भिन्नता

क्र.सं.	कर्जा असुली न्यायाधिकरण	ऋण असुली न्यायाधिकरण
१	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	अर्थ मन्त्रालय
२	सहकारी ऐन, नियम	वैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, नियम
३	सहकारीका कर्जा असुली सम्बन्धी मूद्दा	वैंक तथा वित्तीय संस्थाका कर्जा सम्बन्धी मुद्दा
४	कार्यालय नयाँ वानेश्वर, काठमाडौं	कार्यालय कमलपोखरी, काठमाडौं

9

कर्जा असुली न्यायाधिकरणको गठन

•एक जना अध्यक्ष र दुई जना सदस्य
•पदावधी तीन वर्ष
•थप एक कार्यकालका लागि पुन: नियुक्त हुन सक्ने
•निर्णय सामुहिक रुपमा हुने तर सहमति हुन नसकेमा वहुमतबाट समेत हुने

10

उजुरी निवेदन सम्बन्धी प्रक्रिया

•सहकारी संस्थाले आफूले असुलउपर गर्नुपर्ने रकम असुलउपर गर्न नसकेको खण्डमा असुलउपर गराई पाउन कर्जा असुली न्यायाधिकरणसमक्ष उजुरी दिनुपर्नेछ।
•तर यसरी उजुरी दिनुभन्दा अघि उजुरीकर्ता सहकारी संस्थाले कर्जा असुलउपर गर्न यथेष्ट मात्रामा प्रयास तथा कारबाही भएको हुनु पर्नेछ।

11

उजुरी निवेदन दर्ता गर्दा आवश्यक कागजात

•सहकारी संस्थाले ऋणीलाई मुद्दा चलाउने सम्बन्धमा सञ्चालक समितिबाट भएको निर्णय
•मुद्दा दर्ता गर्ने सञ्चालक समितिबाट अख्तियारी पत्र प्रदान गर्ने
•सहकारी संस्थाले कर्जा असुली गर्न प्रयास गरेको पुष्टि हुने कागजातहरु जस्तैः पत्राचार, राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरेको 35 दिने सार्वजनिक सूचना आदि

12

उजुरी निवेदन दर्ता गर्दा आवश्यक कागजात

- कर्जा लगानी गर्नुभन्दा अघि कर्जा माग गरेको आवेदन फाराम, कर्जा लगानी गरेको लगायतका कागजातहरुको स्पष्ट बुझिने प्रतिलिपि
- ऋणी वा व्यक्तिगत जमानीकर्ताको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सहकारी संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि
- शेयर सदस्यता खुल्ने कागजात

13

उजुरी निवेदन दर्ता गर्दा आवश्यक कागजात

- कर्जा असुली न्यायाधिरिणले तोकेको ढाँचामा उजुरी निवेदन र यसको नेपाली युनिकोडमा टाइप गरेको soft copy समेत (mudda@lrt.gov.np)

14

उजुरी निवेदन सम्बन्धी प्रक्रिया

- निवेदन दिँदा सम्बन्धित सहकारी संस्थाले दाबी गरेको रकमको शुन्य दशमलव पच्चीस प्रतिशतले हुन आउने रकमसमेत कर्जा असुली शुल्कबापत अग्रिम रूपमा कर्जा असुली न्यायाधिकरण समक्ष बुझाउनुपर्नेछ।
- निवेदन कर्जाको भाखा नाघेको एक वर्षपछिको चार वर्षभित्र दिनुपर्नेछ।

15

उजुरी निवेदन सम्बन्धी प्रक्रिया

- "तर कर्जा असुली न्यायाधिकरण गठन हुनु अघि पाँच वर्षभन्दा बढी अवधि भाऊ नाघेको कर्जाको हकमा कर्जा असुली न्यायाधिकरण पहिलो पटक गठन भएको मितिले तीन वर्षभित्र निवेदन दिन सकिनेछ।"
- कर्जा असुली न्यायाधिकरण मिति २०८२ असार २५ गते स्थापना भएकोले २०८५ असार २४ गतेसम्म निवेदन दिन सकिने छ।

16

उजुरी निवेदनको सुनुवाई

- कर्जा असुली न्यायाधिकरणले उजुरी निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रतिवादीहरूलाई आफ्नो सफाइको निमित्त सबुद प्रमाणसहित प्रतिउत्तर पेस गर्न म्याद जारी गर्नु पर्नेछ
- प्रतिवादीले सो अवधिभित्र प्रतिउत्तर (पत्र दाखिल गर्नु पर्नेछ

17

उजुरी निवेदनको सुनुवाई

- तर काबुबाहिरको परिस्थिति परी सो म्यादभित्र प्रतिवादीले प्रतिउत्तर-पत्र पेस गर्न नसकी सोको कारण खोली त्यसपछिको पन्ध्र दिनभित्र निवेदन दिएमा र त्यस्तो निवेदनको व्यहोरा मनासिव देखिएमा पन्ध्र दिनसम्मको म्याद थप गर्न सकिनेछ ।

18

अन्तरिम आदेश जारी गर्न सक्ने

- कर्जा असुली न्यायाधिकरणमा आफ्नो विचाराधीन रहेको कुनै मुद्दाका सम्बन्धमा कर्जा लिनका लागि राखिएको धितो वा ऋणीको जमानत दिने व्यक्तिको स्वामित्व वा कब्जामा रहेको वा हक भएको चल वा अचल सम्पत्ति हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न आवश्यक ठानेमा अर्को आदेश नदिएसम्म त्यस्तो सम्पत्ति रोक्का राख्न सम्बन्धित कार्यालयको नाममा अन्तरिम आदेश जारी गर्न सक्नेछ।

19

मुद्दाको कारबाही किनारा गर्नुपर्ने अवधि

- कर्जा असुली न्यायाधिकरणले प्रतिउत्तर-पत्र दखिला भएकोमा सो दाखिला भएको मितिले र प्रतिउत्तर-पत्र दाखिला नभएकोमा सो दाखिला गर्नुपर्ने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र मुद्दाको अन्तिम कारबाही र किनारा गरिसक्नु पर्नेछ।
- गुज्रेको म्याद थमाउन पाउने म्याद भुक्तान नभई मुद्दाको अन्तिम कारबाही किनारा गर्नु हुँदैन।

20

मिलापत्र हुन सक्ने

- न्यायाधिकरणमा कारबाही तथा किनारा गर्न बाँकी रहेको कुनै मुद्दामा मिलापत्र गर्न सकिने
- उजुरी निवेदनवाला र प्रतिवादी दुवैले आफूहरू मिल्ने व्यहोराको निवेदन पेश गरेमा
- मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि न्यायाधिकरणले मिलापत्र गराइदिन सक्नेछ

21

मिलापत्र हुन सक्ने

- मिलापत्र गर्दा दाबी रकमको शून्य दशमलव पचास प्रतिशतले हुन आउने रकम मिलापत्र दस्तुरबापत आधा-आधा गरी उजुरी निवेदनवाला र प्रतिवादी दुवैले कर्जा असुली न्यायाधिकरणमा बुझाउनुपर्नेछ
- तथा त्यसरी मिलापत्रबापत लाग्ने दस्तुर अग्रिम रूपमा बुझाएको कर्जा असुली शुल्कबाट कट्टी गरी लिइनेछ।

22

पुनरावेदन सम्बन्धी व्यवस्था

- निर्णयउपर चित्त नबुझ्ने पक्षले निर्णयको प्रतिलिपि प्राप्त गरेको मितिले पैँतीस दिनभित्र सहकारी संस्था रहेको क्षेत्रको उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।
- पुनरावेदन गर्दा कर्जा असुली न्यायाधिकरणले गरेको निर्णयबमोजिम असुलउपर गर्नुपर्ने ठहर भएको रकमको तीस प्रतिशत रकम धरौटीबापत नगदै जम्मा गर्नु पर्नेछ।

23

निर्णयको कार्यान्वयन

- निर्णयउपर पुनरावेदन परेकोमा उच्च अदालतबाट फैसला प्राप्त भएपछि र पुनरावेदन नपरेकोमा पुनरावेदन दिने म्याद गुज्रेपछि निर्णय कार्यान्वयन गर्न कर्जा असुली अधिकृतको नाममा आदेश जारी गर्नु पर्नेछ।
- आदेश जारी गर्दा निर्णयको कार्यान्वयन गर्ने अवधिसमेत तोकिदिन सक्नेछ।

24

कर्जा असुली विधि

- आदेश प्राप्त भएपछि सो आदेशमा तोकिएको म्यादभित्र ऋणीबाट कर्जा रकम असुलउपर गरी सम्बन्धित सहकारी संस्थालाई दिलाइदिनुपर्नेछ।
- ऋणीको धितो राखिएको वा नराखिएको अन्य चल वा अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,

25

कर्जा असुली विधि

- जमानत दिने व्यक्तिको चल वा अचल सम्पत्ति कब्जा वा लिलाम बिक्री गर्ने,
- कुनै व्यक्ति विशेष ऋणी वा जमानत दिने व्यक्ति भएकोमा त्यस्तो व्यक्तिलाई पक्राउ गरी प्रचलित कानूनबमोजिम थुनामा राख्ने।

26

जमानत दिने व्यक्तिको दायित्व

- ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहनेछ
- प्रचलित कानूनको अधीनमा रही जमानत बापतको दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुल उपर गर्न सकिनेछ।

27

कर्जा असुली अधिकृत

- कर्जा असुलउपर गर्ने सन्दर्भमा कर्जा असुली अधिकृतले दिएको आदेश कर्जा असुली न्यायाधिकरणले दिएको आदेश सरह हुनेछ
- त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

28

सहकारी संस्थाले रकम बुझाउनुपर्ने

- यस नियमावली बमोजिम कर्जा असुल भइसकेपछि असुल भएको कर्जा रकमको एक प्रतिशत रकम कर्जा असुली शुल्कबापत सम्बन्धित सहकारी संस्थाले कर्जा असुली न्यायाधिकरणलाई बुझाउनुपर्नेछ
- सहकारी संस्थाले रकम बुझाउँदा मुद्दा दर्ता गर्दा बुझाएको रकम कटाई बाँकी रकममात्र बुझाए पुग्नेछ

29

सारंशमा

30

मुद्दा दर्ता प्रक्रिया सारंशमा

- १) सहकारी संस्थाले ऋणीलाई मुद्दा चलाउने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि,
- २) मुद्दा दर्ता गर्न संचालक समितिवाट अख्तियारी दिएको निर्णयको प्रतिलिपि,
- ३) निवेदन/उजुरी कर्जाको म्याको भाखा/म्याद नागेको १ वर्षपछिको चार वर्षभित्र दिनु पर्ने,

31

मुद्दा दर्ता प्रक्रिया सारंशमा

- ४) सहकारी संस्थाले ऋण उठाउन गरेको देखिने कागजातहरु जस्तैः पत्रचार गरेको र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेको हुनु पर्ने,
- ५) कर्जा लगानी गर्नु भन्दा अघि गरेको निवेदन, कर्जा आवेदन फाराम, कर्जा लगानी गरेको स्टेटमेन्ट लगाउतका कागजातहरुको स्पष्ट बुझिने छायाप्रति (फोटो कपी। र ऋण वा व्यक्तिगत जमानीकर्ताको नागरिकताको छायाँ प्रति,

32

मुद्दा दर्ता प्रक्रिया सारंशमा

- ६) उजुरी निवेदनको ढाँचा अदालती ढाँचामा वा कर्जा असुली न्यायाधीकरणले तोकेको ढाँचामा हुनुपर्ने छ।
- ७) उजुरी निवेदनको soft copy को फन्ट Unicode मा भएको हुनुपर्ने र soft copy को प्रति यस न्यायाधीकरणेको कम्प्युटर अपरेटर शाखामा अनिरवार्य दर्ता गराउनु पर्ने छ

33

मुद्दा दर्ता प्रक्रिया सारंशमा

- ८) उजुरी निवेदन दर्ता गर्दा माग दाबी गरेको रकमको ०.२५% (शुन्ना दशमलव दुई पाँच प्रतिशत) हुन आउने रकम कर्जा असुली शुल्क बापत अग्रिम रुपमा बुझाउनु पर्ने छ.
- ९) सहकारी संस्था दर्ताको प्रमाण पत्रको छायाँ कपी र अन्य आवश्यक कागजातहरु।

34

मुद्दा दर्ता प्रक्रिया सारंशमा

- यस कर्जा असुली न्यायाधीकरणमा मुद्दा दर्ता गर्दा लाग्ने शुल्क जम्मा गर्दा राष्ट्रिय वाणिज्य बैंकको निम्नानुसारको राजस्व शीर्षक नं. प्रयोग गरी भौचर जम्मा गर्नुहोला।
- १. कार्यालय कोड नं. ३३६००३५०४
- २. निवेदन अन्य प्रशासनिक शुल्क १४२२९
- ३. कर्जा शुल्क, न्यायीक दस्तुर १४२२१

35

मुद्दा दर्ता प्रक्रिया सारंशमा

- उजुरी निवेदन दर्ता गर्दा माग दावी गरेको रकमको ०.२५% (शुन्ना दशमलव दुई पाँच प्रतिशत) हुन आउने रकम कर्जा असुली शुल्क बापत अग्रिम रुपमा वुझाउनु पर्ने छ।

36

नविन मैनाली
सूचना अधिकारी
कर्जा असुली न्यायाधिकरण
9851322888
कर्जा असुली न्यायाधिकरण
Loan Recovery Tribunal
lrt.gov.np

37

धन्यवाद

38